# पूर्वाञ्चल विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
# बिराटनगर, नेपाल ।

मितिः २०८२।०४।०८ गते

श्री क्याम्पस प्रमुख/डाईरेक्टरज्यू,
१ वर्षे बी.एड./ १ वर्षे बी.एड. (दुर-शिक्षा) अध्यापन गराउने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

**विषयः <u>परीक्षा आवेदन फारम भराई पठाई दिने बारे</u> ।**

उपरोक्त सम्बन्धमा, पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८२ सालमा सञ्चालन हुने शिक्षा शास्त्र संकाय अन्तर्गत **१ वर्षे बी.एड. नियमित तथा आंशिक एवम् <u>१ वर्षे बी.एड. दुर-शिक्षा (Distance Mode)</u> नियमित तथा आंशिक** (<u>सन् **2025** मा सञ्चालन गरिने परीक्षाका लागि</u>) **(नयाँ पाठ्यकम एवम् पुरानो पाठ्यकम)**मा त्यस क्याम्पस/ कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई मिति **२०८२।०५।०६** गतेसम्म परीक्षा आवेदन फारम भराई मिति **२०८२।०५।०६** गतेसम्म नियमानुसारको परीक्षा शुल्क वापतको रकम नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402 मा** जम्मा गरी मिति **२०८२।०५।१२** गते भित्र सोको सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । उक्त मिति सम्म परीक्षा आवेदन फाराम भर्न छुट भएका विद्यार्थीहरुलाई तपशिल बमोजिमको बिलम्ब शुल्क लिई तोकिए बमोजिमका मिति सम्म फारम भराई नियमानुसार परीक्षा शुल्क र बिलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान **.........**।- यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, तपशिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।

**<u>तपशिल</u> :**

१. परीक्षार्थीहरुले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, विषयहरु, र अन्य विवरण समेत पूर्णरुपले रुजू गरी **Batch** छुट्टयाई परीक्षार्थीको नाम अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई प्रत्येक **Batch** को छुट्टाछुट्टै अभिलेख तयार गरी पठाउनु पर्ने छ ।
२. **परीक्षा आवेदन फारममा प्रत्येक परीक्षार्थीले आफ्नो रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ** । कुनै विद्यार्थीको रजिष्ट्रेशन सम्बन्धित कागजातहरु नपुग भई रजिष्ट्रेशन हुन नसेकमा त्यस्ता विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।
३. आंशिक परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले परीक्षा दिने विषयको नाम लेखी सोको पछाडि कोष्टमा प्रयोगात्मक वा लिखित कुन हो फारममा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ र मार्कसिटको प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
४. सम्बन्धित क्याम्पस/कलेजहरुले परीक्षा आवेदन फारम पठाउदा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या **(Subject-wise Data)** खुलाई अनिवार्यरुपले **Batch** अनुसार संलग्न गरी पठाउनु पर्ने छ ।
५. परीक्षा आवेदन फाराममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्ने र अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ।
६. परीक्षा आवेदन फारमको पछाडि रहेको सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
७. परीक्षा आवेदन फारममा परीक्षार्थीले कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।
८. कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
९. **परीक्षा शुल्क** देहाय बमोजिम हुने छ-

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | नियमित/आंशिक प्रति बर्ष/प्रति विद्यार्थी (२०२० समुह देखि) | रु.१२००।- |
| २. | नियमित तथा आंशिक प्रति बर्ष/प्रति विद्यार्थी (२०१६ समुह सम्म ) | रु.७००।- |
| **बिलम्ब शुल्क :** | | |
| ३. | तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र | रु.१०००।- |
| ४. | परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म | रु.२०००।- |
| ५. | परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म | रु.३०००।- |
| **सम्बन्धन शुल्क (नियमित प्रति बर्ष/प्रति विद्यार्थी):** | | |
| ६. | ४ वर्षे B.Ed. (२०२३ समुह देखि) | रु.५०००।- |
| ७. | १ वर्षे B.Ed. (२०२३ समुह देखि) | रु.४०००।- |
| ८. | ४/१ वर्षे B.Ed. (२०२२ समुह सम्म) | रु.३०००।- |

**सह-परीक्षा नियन्त्रक**

**<u>नोट</u> :**
१) पू.वि. सम्बन्धन सम्बन्धी नीति, शर्त र प्रक्रिया २०८० को अनुसुची-१० को निर्णयानुसार, नयाँ अस्थायी सम्बन्धन प्राप्त गरेका क्याम्पसले पहिलो वर्ष सम्बन्धन पत्रमा उल्लेख भएको विद्यार्थी संख्या बराबर हुन आउने रकम वार्षिक सम्बन्धन शुल्क तिर्नु पर्ने छ । दोश्रो वर्ष देखि विद्यार्थी भर्ना संख्याको आधारमा वार्षिक सम्बन्धन शुल्क लिईने छ, र
२) यस विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरुले B.Ed. (4 Year and 1 Year) शैक्षिक कार्यक्रम सञ्चालन गरेको हकमा रु.१००० **(प्रति विद्यार्थी प्रति वर्ष)** भुक्तानी गर्नु पर्ने छ ।

website: www.puexam.edu.np, email: foarts@puexam.edu.np, ठेगानाः पुष्पलाल चौक, बिराटनगर, नेपाल, सम्पर्क नं.: ०२१-४६५२४०